# अमरगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,डडेल्धुरा

# “अमरगढी नगरपालिका डडेल्धुराको विनियोजन ऐन,२०७६”

सभा बाट स्वीकृत मितिः २०७६/०३/३१

अमरगढी नगरपालिका डडेल्धुराको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन,

**प्रस्तावना:** अमरगढी नगरपालिका,डडेल्धुराको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्थ गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्चनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उप-धारा २ बमोजिम अमरगढी नगरपालिका,डडेल्धुराको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “अमरगढी नगरपालिका डडेल्धुराको विनियोजन ऐन,२०७६” रहेको छ ।

**२.आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर कार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीमा उल्लेखित चालुगत खर्च,पुंजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४१,४९,५१,८७०.०० ( अक्षरुपी रुपैया एकचालिस करोड उनन्चास लाख एकाउन्न हजार सात सय अ आठ सय सत्तरी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त अमरगढी नगरपालिका,डडेल्धुराको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनी कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुंजीगत खर्च र बित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ बिनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुंजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनी एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।